# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित


खण्ड : ५ | सङ्ख्या : २० | मिति : २०७८/१२/१६


## भाग-२

## <u>हतुवागढी गाउँपालिका</u>

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०७८/१२/०३

# मर्मत संभार कोष सञ्चालन निर्देशिका २०७८


हतुवागढी राजपत्र

प्रस्तावना : हतुवागढी गाउँपालिकाद्वारा संचालन गरिने विभिन्न पुर्वाधार विकास सम्बन्धी कार्यहरुलाई नियमित मर्मत सम्भार तथा व्यवस्थापन गरी दिगो पुर्वाधार विकास कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएको । जनसहभागितामुलक भौतिक पुर्वाधार विकासका कार्यहरुमा उपभोक्ताहरुको नियमित सहभागिताद्वारा भौतिक पुर्वाधार विकासमा स्थानीय बासिन्दाहरुको स्वामित्व ग्रहण गर्ने वातावरण बनाउन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सञ्चालन गरिने भौतिक पुर्वाधार विकास कार्यक्रमहरुलाई अझ बढी गुणस्तरीय, मितव्ययी, प्रभावकारी तथा दिगो रुपमा व्यवस्थापन र सञ्चालन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को (२) बमोजिम हतुवागढी गाउँ कार्यपालिकाको वैठकले मिति २०७८/१२/१३ मा स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १ (एक)

१.१ संक्षिप्त नाम र प्रारम्भ

१.१.१ यस निर्देशिकाको नाम मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ रहेको छ ।

१.२.१ यस निर्देशिका हतुवागढी गाउा कार्यपालिकाको वैठकवाट स्वीकृत मिति देखि लागू हूनेछ ।

१.२ परिभाषा

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) निर्देशिका भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ सम्झनू पर्दछ ।

(ख) "सभा" भन्नाले हतुवागढी गाउपालिकाको गाउसभा सम्झनूपर्नेछ ।

(ग) "कार्यपालिका" भन्नाले हतुवागढी गाउ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले हतुवागढी गाउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले हतुवागढी गाउापालिकाको उपाध्यक्ष सम्झनू पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हतुवागढी गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनू पर्दछ ।

(ज) कोष भन्नाले मर्मत सम्भार कोषलाई सम्झनु पर्दछ ।

(झ) "सडक बोर्ड" भन्नाले सडक बोर्ड नेपाललाई सम्झनू पर्दछ ।

(ञ) "आयोजना" भन्नाले गाउँसभा वा गाउँ कार्यपालिकाबाट कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ ।

(ट) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ ।

(ठ) सार्वजनिक संरचना भन्नाले सडकबाटो तथा सडकमा रहेका कलभर्ट, नाला, बांध, पैनी, कुलो पुल पुलेसा, ताल, तलैया, सिमसार, पोखरी, सार्वजनिक शौचालय तथा ऐतिहासिक पुरातात्विक महत्वका संरचना आदिलाई सम्झनु पर्दछ ।

(ड) विपद भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपदीपूर्ण सम्झनु पर्छ र सो शब्दले कुनै पनि ठाउँमा विपदि पूर्ण अवस्था सिर्जना भई धनजनको क्षतीको साथै जिवन यापनमा प्रतिकूल असर परी वा पारी विपद् बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने बाह्य सहयोगको आवश्यक्ता पर्ने दुखद : तथा कष्टपूर्ण प्राकृतिक वा गैर प्राकृतिक विपद् र जलवायू परिवर्तनबाट हुनसक्ने विपत्तीपूर्ण अवस्थालाई समेत सम्झनु पर्दछ ।

(ढ) विकास साझेदार भन्नाले नेपाल सरकार वा स्थानीय निकायसंग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने दुईपक्षीय एवं बहुपक्षीय दातृ निकाय वा संघसंस्थाहरु लाई सम्झनु पर्दछ ।

(ण) भुक्तानी रकम भन्नाले गाउँपालिका आफैले वा नेपाल सरकाका अन्य निकायहरुसंग वा विकास साझेदारसंग वा उपभोक्ता समिति वा सामुदायिक संस्थासंग लागत सहभागितामा निर्माΟ भएकँ पूर्वाधार विकासकँ कार्यसंग सम्वन्धित पक्षलाई गाउँपालिकावा६ दिईने भुक्तानी रकमलाई जनाउंदछ ।

## परिच्छेद २ (दुई)

२.१ कोष व्यवस्थापन तथा परिचालन समिति

(क) मर्मत संभार कोषलाई मित्व्ययी, दिगो एवं प्रभावकारी तवरले व्यवस्थापन तथा संचालन गर्न देहाय वमौँजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन तथा परिचालन समिति रहने छ :

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. अध्यक्षले तोकेको गाउँ कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना | सदस्य |
| ५. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ६. योजना शाखा प्रमुख | सदस्य सचिव |

(ख) समितिको वैठक कम्तिमा तीन महिनामा एक पटक बस्नेछ र आवश्यक परेमा जुनसुकै वखत पनि वस्न सक्नेछ ।

(ग) समितिले प्रचलित कानूनको अधिनमा रही आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(३) यस समितिका सदस्यहरुको वैठक भत्ता गाउँ कार्यपालिकाको वैठक सरह हुनेछ ।

(ञ) वैठकमा आवश्यकता अनुसार विशेषज्ञ वा सरोकारवालालाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

२.२ व्यवस्थापन तथा परिचालन समितिको काम कर्तव्य र अधिकार :

क) व्यवस्थापन तथा परिचालन समितिको निम्नानुसारको काम कर्तव्य र अधिकार हुनेछ :

१.गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक संरचनाको मर्मतको लागि प्राथमिकता तोकी मर्मत सम्भारको लागि एकिकृत गाउँस्तरीय वार्षिक सडक मर्मत योजना (M-ARMP) बनाउने ।

२) मर्मत संभार कोषमा रकम जम्मा गर्नको लागी स्रोत, साधनको पहिचान तथा व्यवस्थापन गर्ने ।

३) मर्मत संभार कार्यलाई दिगो, भरपर्दो र वातावरण मैत्री बनाउने उपायहरुको खोजी गर्ने ।

४) मर्मत संभार गर्दा लाग्ने खर्चमा न्यूनिकरण एवं जनसहभागिता अभिवृद्धि गर्ने किसिमले कार्य योजना वनाउने ।

छ) सडक बोर्ड नेपालबाट प्राप्त हुने रकमका सन्दर्भमा प्रचलित कानून बमोजिम हुने गरी योजना छनौट गर्ने ।

ट) विपद्बाट भएको क्षति यकिन गरी तत्काल गर्नुपर्ने काम, गर्न सकिने उपायहरु र साझेदार निकायहरुको पहिचान गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ठ) आपत्कालीन अवस्थामा पूर्वाधार मर्मत गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने।

(ड) मर्मत संभार सम्वन्ध कार्यको अनुगमन तथा निरीक्षण गरी गाउँपालिकालाई सल्लाह सुझाव दिने ।

(ढ) मर्मत गर्नुपर्ने सडक लगायतका सार्वजनिक संरचनाको लगत अद्यावधिक गरी विकास साझेदारसंग समन्वय र साझेदारीका लागि पहल गर्ने ।

(ज्ञ) आयोजनाहरुबाट सेवा प्राप्त गर्ने लाभग्राहीहरुबाट सेवा शुल्क संकलन गरी मर्मत सम्भार व्यवस्थापन गर्न सहजीकरण गर्ने ।

## परिच्छेद ३ (तीन)

३.१ मर्मत सम्भार कोष व्यवस्थापन

(क) गाउँपालिका मर्मत संभार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिनेछ । कोषको अलग्गै बैक खाता हुनेछ । कोषको देहाय बमोजिमको रकम जम्मा गरिनेछ :

ज्ञ) नेपाल सरकारवाट मर्मत संभार कोषमा प्राप्त हुने रकम,

ह्) गाउँपालिकाबाट मर्मत संभारको लागि बार्षिक रुपमा विनियोजित रकम,

घ) स्थानीय निकायबाट पूर्वाधार संरचनाको भुक्तानीमा निम्नानुसार मर्मत सम्भारका लागि कट्टा हुने रकम :

(क) कुल पुँजिगत बजेटमा विनियोजित रकमको २ (दुई) प्रतिशत रकम

(ख) ठेक्काद्वारा संचालित आयोजनाको हकमा लागत अनुमानमा मर्मत सम्भार कोषका लागि उल्लेख भए बमोजिमको रकम ।

द्ध) उपभोक्ता समिति, विकास साझेदार एवं अन्य निकायबाट मर्मत संभारको लागि उपलब्ध हुने रकम,

छ) सडकबोर्ड नेपालबाट गाउँपालिकाको लागि प्राप्त हुने रकम,

ट) अन्य निकायहरुवाट मर्मत संभार कोषमा जम्मा हुने गरी तोकिएको रकम ।

३.२ कोष संचालन :

क) कोषको नाममा प्राप्त हुन आएको रकम हतुवागढी गाउँपालिकाको मर्मत सम्भार कोषको बैक खाताबाट संचालित हुनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी तथा लेखा शाखा प्रमुखको संयुक्त दस्तखतवाट सचालन हुनेछ ।

ग) कोषको आन्तरीक तथा अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद ४ (चार)

४.१ कोषबाट खर्च गरिने क्षेत्रहरु

(क) मर्मत संभार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको मर्मत सम्भारका क्षेत्रमा मात्र खर्च गरिनेछ :

ज्ञ) सडकको नियमित मर्मत सम्भारमा देहायका विषयहरु समावेश हुनेछन :

क) सडक किनाराको ढल तथा नालीमा मर्मत तथा सफाई गर्ने ।

ख) सडकमा खसेको माटो र ढुंगा हटाउने ।

ग) नाली र सडक नजिकैको घांस तथा रुखको हांगा काटने ।

३) सामान्य खालको पहिरो तथा भूस्खलन हटाउने ।

८) पुल तथा कलभर्टको मर्मत तथा सफाई गर्ने ।

(च) शहरी सौन्दर्य अभिवृद्धि गर्ने अन्य सार्वजनिक संरचना मर्मत गर्ने ।

(५) सडकबोर्ड नेपालसंगको साझेदारीमा गरिने मर्मत सम्भार सम्बन्धी कार्यहरु ।

द्द) सडकको पटके मर्मत सम्भारमा देहायका विषयहरु समावेश हुनेछन :

क) माटे सडकमा सवारी साधनको चक्काले बनाएको खाल्डो पुर्ने ।

ख) सडक सतहको खाल्टो पुर्ने र सडक किनारा मिलाउने कार्य गर्ने

ग) क्याम्वर मिलाउने ।

३) ग्राभेल सडकको मर्मत गर्ने । कच्ची नालीको मर्मत गर्ने ।

८) कल्भर्ट पुलको प्यारापिट वाल, रेलिग, रिटेनिग वाल आदि मर्मत गर्ने ।

च) वायो इन्जिनियरिंग गर्ने ।

५) नदी तथा ताल तलैया संरक्षण गर्ने गराउने ।
ज) ढलको कभर वदल्ने एवं मर्मत गर्ने ।
झ) ठूलो पहिरो र भूस्खलन हटाउन माथिल्लो निकायलाई समन्वय गर्ने ।
ञा) कालोपत्रे सडकको पटहोल मर्मत गर्ने, पेनभेन्ट एज मर्मत गर्ने र सामान्य टुटफुट मर्मत गर्ने ।
द्ब) आकस्मिक मर्मत सम्भार ।
क) विपद्बाट भएको सडक संरचनाको क्षतिको मर्मत सम्भार गर्ने र भग्नावशेष व्यवस्थापन गर्ने ।

माथि जुनसुकै कुरा लेखिएतापनि विपदबाट भएको क्षतिको व्यवस्थापन गर्दा विपद व्यवस्थापन समितिको परामर्श तथा समन्वयको आधारमा गर्नुपर्नेछ ।

छ) अन्य मर्मत सम्भार
क) गाउँपालिकाको आन्तरिक पुजींगत संरचनाको संचालन तह सम्मको सामान्य मर्मत तथा सम्भार ।
ख) गाउँपालिका मातहतका सार्वजनिक संरचनाहरुको संचालन तहसम्मको सामान्य मर्मत तथा सम्भार ।
ग) गाउँपालिका भित्र रहेका विद्युत संरचना र खानेपानि संरचनाहरुको अत्यावश्यक मर्मत तथा सम्भार ।

४.२ मर्मत सम्भारको लागी सार्वजनिक संरचनाको छनौट

अद्यावधिक अभिलेख र उपभौँक्ताबाट मर्मत सम्भारका लागि गाउँस्तरीय बार्षिक मर्मत सम्भार योजनामा समावेश गर्न भनी माग भई आएका आयोजनाहरु मध्ये छनौट गर्दा देहायका आधारमा सवभन्दा वढी आवश्यक र उपयूक्त देखिएको आयोजनालाई पहिलो प्राथमिकता दिने गरी छनौट गरिनेछ :

(क) गाउँ यातायात गूरु योजनामा परेका सडकहरु,
(ख) गाउँपालिकाले तोकेको मापदण्डमा परेका सडकहरु,
(ग) तत्कालै मर्मत कार्य नगर्दा ठूलो जनधनको क्षति हुने संरचनाहरु,
(३) गांउ र नगरको अन्तरसम्बन्धलाई जोडने पूर्वाधार संरचनाहरु
(च) जिल्ला स्थित अन्य स्थानीय तहसंग साझेदारी गरी निर्माण गर्न सकिने जोडिने सडक (Link Road)
(च) वातावरण मैत्री गाउँ निर्माणको प्रर्वद्धनको लागि सहयोग पुग्ने पूर्वाधार संरचनाहरु,

## परिच्छेद ५ (पांच)

५.१ मर्मत सम्भार कार्य गराउने व्यवस्थाः

मर्मत संभार कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सार्वजनिक खरिद ऐन, २०६३ एवं प्रचलित स्थानीय तह कानून र निर्देशिका र कार्यविधि बमोजिम आवश्यक प्रकृया पुरा गरी गर्नुपर्नेछ । सार्वजनिक संरचनाको मर्मत सम्भार कार्यमा जनसहभागिता प्रर्वद्धनलाई उच्च प्राथमिकता दिईनेछ ।

माथि जुनसुकै कुरा उल्लेख भएतापनि मर्मत सम्भार कार्य गर्दा रु. २,००,०००।०० सम्म मर्मत कोषबाट रकम विनियोजन गर्ने अख्तियारी गाउँपालिका अध्यक्षलाई हुनेछ । सो भन्दा माथि रकम विनियोजन गर्ने अधिकार मर्मत कोष व्यवस्थापन तथा परिचालन समिति तथा गाउँ कार्यपालिकालाई हुनेछ ।

## परिच्छेद ६ (छ)

६.१ विविध

६.१.१ मर्मत सम्भार कोष संचालन निर्देशिका संशोधन, परिमार्जन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाबाट हुनेछ ।

६.१.२ यो निर्देशिकामा उल्लेख भएको कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

६.१.३ यस निर्देशिकामा लेखिएका कुराहरु कुनै संघीय, प्रादेशिक तथा स्थानीय तह ऐन, नियमसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

आज्ञाले :<br>
राज कुमार शाक्य<br>
प्रमुख प्रशासकीय अधिकृत